नेपाल सरकार

## गृह मन्त्रालयको

सूचना १

### प्रहरी प्राविधिक (पहिलो संशोधन) नियमावली, २०६५

प्रहरी प्राविधिक नियमावली, २०५८ लाइ संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रहरी ऐन,२०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाइएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यी नियमहरुको नाम "प्रहरी प्राविधिक (पहिलो संशोधन) नियमावली, २०६५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रहरी प्राविधिक नियमावली, २०५८ को नियम ४ मा संशोधन** : प्रहरी प्राविधिक नियमावली, २०५८ को नियम ४ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) राजपत्राङ्कित :

| | |
|---|---|
| (१) विशिष्ट श्रेणी | : प्रहरी अतिरिक्त महानिरीक्षक |
| (२) प्रथम श्रेणी | : प्रहरी नायब महानिरीक्षक र प्रहरी बरिष्ठ उपरीक्षक |
| (३) द्वितीय श्रेणी | : प्रहरी उपरीक्षक र प्रहरी नायब उपरीक्षक |
| (४) तृतीय श्रेणी | : प्रहरी निरीक्षक" |

सूचना २

### प्रहरी (चौधौं संशोधन) नियमावली, २०६५

प्रहरी नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाइएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यी नियमहरुको नाम "प्रहरी (चौधौं संशोधन) नियमावली, २०६५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रहरी नियमावली, २०४९ को नियम ५ मा संशोधन** : प्रहरी नियमावली,२०४९ को नियम ५ को उपनियम (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) नेपाल प्रहरी अस्पताल – प्रहरी अतिरिक्त महानिरीक्षक"

आज्ञाले,

डा. गोविन्द प्रसाद कुसुम

नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।